नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्या :

चलानी नं. :

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्ष केपी शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समितिको ५४ औं बैठक मिति २०८२ असार २७ गते शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न भयो।

राष्ट्रिय योजना आयोगका सदस्य-सचिव श्री सुमनराज अर्यालको स्वागत मन्तव्यबाट शुरू भएको बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीज्यूले समष्टिगत आर्थिक परिसूचकको सूचकाङ्क र प्रवृत्ति, सरकारको वित्त परिचालनको स्थिति, आर्थिक, सामाजिक र पूर्वाधार विकासको अवस्था, प्रदेशहरुको समष्टिगत आर्थिक स्थिति, आर्थिक वर्ष २०८१/८२ को जेठ महिनासम्मको मन्त्रालयगत वार्षिक प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरुको वर्तमान प्रगति, दिगो विकास लक्ष्यको प्राप्ति अवस्था तथा नेपाल विकासील मुलुकमा स्तरोन्नति भएपश्चात अवलम्बन गर्नुपर्ने रणनीतिक समीक्षा समेत प्रस्तुत गर्नुभएको थियो। प्रस्तुतीकरणका क्रममा माननीय उपाध्यक्षज्यूले समितिको ४९, ५०, ५१, ५२ र ५३ औं बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था तथा १७ वटा क्षेत्रगत समस्या र कारणको बिश्लेषणात्मक प्रस्तुती गर्नुभएको थियो।

बैठकमा क्षेत्रगत विषय मध्ये विकासको प्रारुप, मध्यमकालीन खर्च संरचना, अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति, राष्ट्रिय विकास समस्या समाधान समितिको निर्णय कार्यान्वयनको अवस्था, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, पूर्वाधार, विद्यालय शिक्षा, सीप विकास, क्षमता विकास, वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण, स्वास्थ्य विज्ञान प्रतिष्ठान, पर्यटन, विदेशस्थित कुटनीतिक नियोगको घरजग्गा खरिद, बहस पैरवी तथा कानूनी प्रतिरक्षा गर्ने व्यवस्था, जनशक्ति व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाह, तहगत सरकारहरु वीचको समन्वय लगायतका महत्वपूर्ण विषयमा बृहत छलफल भएको थियो।

राष्ट्रिय विकास समस्या समाधान समितिको ५४ औं बैठकलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्री तथा आयोगका अध्यक्ष केपी शर्मा ओलीज्यूले विकासका आयोजनाहरू समयमा सम्पन्न नभई अनुमानभन्दा धेरै लागत लाग्ने र जनताले दुःख पाउने अवस्था भएमा जनतालाई परिवर्तनको अनुभूति हुनेगरी छिटो, छरितो र मितव्ययी ढंगबाट काम गर्न निर्देशन दिनुभयो। सम्झौता गरिएको ठेक्का वा ढाँचाबाट काम हुन नसके नयाँ शैलीबाट कामको थालनी गरी आयोजनाहरु समयमै सम्पन्न भई उच्च स्तरको प्रतिफल प्राप्त हुनेगरी अघिबढ्न समेत सम्माननीयज्यूले निर्देशन दिनुभयो।

बैठकमा सहभागी माननीय उप-प्रधानमन्त्रीज्यूहरु, मन्त्रीज्यूहरु, प्रदेश सरकारका मुख्य मन्त्रीज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्य वाहक अध्यक्षज्यू लगायतले आफ्नो मन्त्रालय र प्रदेशका चालु आर्थिक वर्षमा विनियोजित बजेट कार्यान्वयनका क्रममा भोगिरहेका समस्या प्रस्तुत गर्दै समाधानका लागि समन्वय गरिदिन अनुरोध गर्नु भएको थियो। छलफल पश्चात समितिका अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले सबैको सुझावहरू समेटी निर्णयलाई अन्तिम रुप दिई प्रभावकारी कार्यान्वयनमा लैजाने जानकारी गराउँदै बैठक समापन गर्नुभएको थियो।

२७ असार २०८२

हरिशरण पुडासैनी
प्रवक्ता